# नेपाल सरकार

प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## नव वर्ष २०८३ को शुभकामना सन्देश

नयाँ वर्ष २०८३ सालको सुखद आगमनको यस अवसरमा बागमती प्रदेश, स्वदेश तथा विदेसमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

विगतका अनुभवहरुबाट शिक्षा लिदैं नयाँ उत्साह र उमंगका साथ अघि बढ्न यो नयाँ वर्षले हामी सबैलाई प्रेरणा प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु । हाम्रो देशले विकास र समृद्धिको नयाँ कांचुली फेरोस् । सुशासन र न्यायको स्थापना होस् र हरेक नेपालीले गौरव् गर्न लायक राष्ट्र निर्माणको जग बसोस् ।

हाम्रा युवा शक्तिले आफ्नै माटोमा पसिना बगाउने वातावरण सिर्जना गर्नु र आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्नु नै आजको मुख्य आवश्यकता हो ।

परिवर्तन र आशाको प्रतीक नयाँ वर्षले हाम्रो जीवनमा सकारात्मक उर्जा सञ्चार गरोस् । यो वर्ष केवल पात्रो परिवर्तन हुने वर्ष मात्र नभई हाम्रो देशको मुहार फेर्ने संकल्पको वर्ष बनोस् । सुशासन, आर्थिक स्थिरता र दिगो विकासको बाटोमा मुलुक अघि बढोस् र प्रत्येक नेपालीको घरआंगनमा समृद्धिको उज्यालो पुगोस् ।

देशको मेरुदण्ड भनेकै  राजनीतिक स्थिरता र आर्थिक विकास हो । जब नीतिहरु स्थिर हुन्छन् र स्पष्ट भिजन हुन्छ, तब मात्र देशले समृद्धिको बाटो पक्रन सक्छ ।

नयाँ वर्ष २०८३ ले हामी सबैमा आपसी सद्भाव,भातृत्व र सहिष्णुता कायम राख्दै देशको विकासमा इमान्दार भई लाग्ने प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

**२०८३ साल वैशाख ०१ गते, मंगलबार**
**ने.सं. ११४६ चौलागाः द्वादशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

Archived at https://infobank.bagamati.gov.np